# सम्पादकीय

सामाजिकशास्त्र विषयक्षेत्रसँग सम्बन्धित अनुसन्धानमूलक सामग्री प्रकाशनलाई निरन्तरता दिने अभिप्रायले आरम्भ गरिएको *समाज अन्वेषण* नामक जर्नलको दोस्रो अङ्क तयार भएको छ । यसमा नेपालका जुनसुकै क्षेत्रमा बसोबास गर्ने जुनसुकै जाति, जुनसुकै भाषा, जुनसुकै आस्थाका व्यक्ति र समुदायको प्रतिनिधित्व रहने छ । यस जर्नलको विषय नागरिकहरूको राष्ट्रिय र सामाजिक जीवनपद्धतिभित्रको चासो र सरोकार तथा खोजी हो । हाल नेपालमा बसोबास गर्ने जातजातिको सङ्ख्या १४२ रहेको छ भने मातृभाषीको सङ्ख्या १२४ रहेको छ । नेपाल प्रज्ञा-प्रतिष्ठान सबैका भाषा, ज्ञान र सामाजिक भूमिकाप्रति जिम्मेवार निकाय हो ।

राष्ट्रको सबै भाषा, कला, संस्कृति, साहित्य, इतिहास आदिका विषयमा अनुसन्धानको अद्यावधि आवश्यक हुन्छ । सूचना, सञ्चार, भूगोल, पर्यापर्यटन, चिकित्सा, कानुन, गीतसङ्गीतजस्ता विषय मानव समाज र मानव जीवनसँग प्रत्यक्षअप्रत्यक्ष जोडिन्छन् । विज्ञान र प्रविधिको विकाससँगै नेपाली समाज बदलिँदै गएको छ । हाम्रा सामाजिक गतिविधिहरू परिवर्तन भएका छन् । गलत सूचना र सञ्चारको प्रभावले नेपाली समाजको मौलिकतामा ह्रास आउन नदिनु प्रत्येक सचेत नागरिकको भूमिका हुन्छ । यद्यपि संस्कृति र संस्कारमा परिमार्जन आवश्यक भए पनि मौलिकतामा भने ध्यान दिनुपर्छ । उपर्युक्त विषयप्रति हाम्रो चासो र सरोकार रहने छ ।

यसै अङ्कबाट जर्नललाई विज्ञसमीक्षित बनाइएको छ । अघिल्लो अङ्कजस्तै यो अङ्क पनि विषयगत विविधता र समावेशी बनाउने प्रयास भएको छ । लेखकहरूको सामग्री व्यवस्थापनमा एकरूपता गर्ने प्रयास गरिएको छ । बहुआयामिक नेपाली समाजको अध्ययनअनुसन्धानमा रुचि राख्ने पाठक तथा अध्येताहरूका लागि यस जर्नलका लेखहरू महत्त्वपूर्ण सन्दर्भसामग्री हुनेछन् भन्ने विश्वास लिइएको छ । हामीलाई प्राप्त भएका बाँकी लेखहरू प्राथमिकताका आधारमा आगामी अङ्कहरूमा प्रकाशन गरिने छ ।

यस जर्नलमा समावेश गरिएका लेखहरूमा व्यक्त विचार तथा सन्दर्भसामग्रीका सम्बन्धमा लेखकहरू स्वयम् जिम्मेवार रहनुहुने छ । हामीलाई विश्वास गरेर लेख पठाउनुहुने लेखकहरूप्रति हार्दिक आभार व्यक्त गर्दछौँ ।

**प्रधान सम्पादक**